

# १२ खराब वा गलत निर्णयहरुप्रति अपनाउनुपर्ने सावधानी

*__यस अध्यायका मूल पदहरू__*: नहेम्याह १३:२३-२५, व्यवस्था ७:३,४, २ कोरन्थी ६:१४, एज्रा ९, एज्रा १० र १ कोरन्थी ७:१०-१७।

*__यस अध्यायको मूल सार पद__*: **"६ मैले यो प्रार्थना गरेंः 'हे मेरा परमेश्वर, मेरो अनुहार तपाईंतिर उठाउन म साह्रै लज्जित र अपमानित भएको छु। किनभने हे मेरा परमेश्वर, हाम्रा पाप हाम्रो शिरभन्दा अल्गा भएका छन् र हाम्रो दोष आकाश तथा स्वर्गसम्मै पुगेको छ।" (एज्रा ९:६ रूपान्तरित)।**

परमेश्वरप्रति आस्था राख्ने यहूदी जाति र आस्था नराख्ने अयहूदीहरूको बीचमा अन्तरजातीय वैवाहिक सम्बन्धले मान्यता पाएको समाजमा एज्रा र नहेमियाह अगुवा हुन पुगेका थिए। दुवै अगुवाहरूको यसप्रति गम्भीर चिन्ता थियो। दुवैले इस्राएललाई परमेश्वरतिरको निकट सम्बन्धमा ल्याउन चाहेका थिए। सृष्टिकर्ता परमेश्वरलाई जीव जनावर वा मूर्तिहरूमा झारेर पूजा गर्ने अन्य जातिका संस्कार र सभ्यताले इस्राएलका मानिसहरूलाई नकारात्मक प्रभाव पारेको तिनीहरूलाई थाहा थियो। त्यसको भयानक असर इतिहासमा पनि कोरिएको पाइन्छ। कनानी धर्म इस्राएलभरि फैलिएको थियो। प्रत्येक ठूलो पहाडको टुप्पोमा बाल र आशेराहका मूर्तिहरू राखेर पुजा गरिन्थ्यो। अझ ती मूर्तिपुजा गर्ने पति वा पत्नीबाट इस्राएली परिवारमा ल्याइएका प्रभावहरू झनै खतरनाक थिए। राजा बेलामले मोआब्वी स्त्रीहरूलाई इस्राएलीहरूकहाँ पठाउन सल्लाह दिएका थिए। जब ती इस्राएलीहरू स्त्रीहरूको मोहमा फसे तब तिनीहरूमा परमेश्वरमाथिको विश्वास पनि सेलाएर गएको थियो। दुर्भाग्यवस, बेलामको अनुमान सत्य सावित भयो। त्यसले वैवाहिक सम्बन्धमा वा पुरुष तथा स्त्रीहरूको बीचमा मात्र नकारात्मक प्रभाव

पारेन तिनका सन्तानका आस्थामाथि पनि त्यस्तै नराम्रो कुप्रभाव पारेको थियो।

त्यस अन्तरजातीय वैवाहिक सम्बन्धले मान्यता पाएको समाजमा एज्रा र नहेम्याहले के गरे? के अगुवा भएको हैसियतले यस्तै होस् भनेर तिनीहरूले टुलुटुलु हेरिहने कि त्यसको खिलाफमा ठोस कदम चाल्ने ? ती दुवै अगुवाहरूले त्यस विषयमा कस्तो कदम चाले भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १. नहेम्याहको प्रतिक्रिया

**नहेम्याह १३:२३-२५ पढ्नुहोस्। यहाँ के भइरहेको छ र नहेम्याहले सम्हालेको त्यस परिस्थितिलाई हामी कसरी बुझ्ने? "२३ त्यस बेला पनि कुनै-कुनै यहूदाका मानिसहरूले अश्दोद, अम्मोन र मोआबका स्त्रीहरूलाई विवाह गरेका मैले भेट्टाएँ। २४ तिनीहरूका बालकहरूमध्ये आधा अश्दोदी भाषा बोल्थे अथवा अरू मानिसहरूको भाषा बोल्थे, र तिनीहरू यहूदाको भाषा बोल्न जान्दैनथे। २५ मैले तिनीहरूलाई हप्काएँ र सराप दिएँ। मैले कुनै-कुनै मानिसहरूलाई पिटें र जगल्ट्याएँ। मैले यसो भनेर परमेश्वरको नाउँमा तिनीहरूलाई शपथ खान लाएँ, 'तिमीहरू आफ्ना छोरीहरू उनीहरूका छोराहरूसित विवाह गरिदिनेछैनौ, अथवा उनीहरूका कुनै पनि छोरीहरू तिम्रा छोराहरूसित वा तिमीहरू आफै विवाह गर्नेछैनौ।"**

प्रवासी जीवन बिताइरहेका इस्राएलीहरूको भाषा अरामिक थियो। नहेम्याह फर्केर आउँदा यहूदीका छोराछोरीहरूले त्यो भाषा बोल्न सकेका थिएनन्। जसले गर्दा धर्मशास्त्रको शिक्षादीक्षा तिनीहरूले बुझ्न सकेका थिएनन्। यो त ठूलै समस्या थियो किनभने परमेश्वरले प्रकट गर्नुभएको सत्य ज्ञान बाङ्गिनसक्थ्यो । त्यतिमात्रै नभएर मानिसहरूमा उहाँप्रतिको आस्था पनि अलप भएर जान सक्थ्यो। धर्मशास्त्रका पण्डित र पुजारीहरूले तोराह पढेर त्यसबाट व्याख्या गर्थे यो प्रायजसो आरामिक भाषामा लेखिएको हुन्थ्यो। जसले गर्दा जब तोराहबाट प्रवचन दिइन्थ्यो तब मानिसहरू त्यसलाई सजिलै बुझ्न सक्थे। तर बालबालिकाहरूलाई रेखदेख गर्ने आमाहरू आम्मोन, आशोदोद र मोआब्वीहरू पनि त्यहा भएका हुनाले तिनका छोराछोरीले बाबुका आरामिक भाषा बोल्न सक्दैनथे। जुन भाषा हामी बोल्छौं त्यसले हाम्रो संस्कार र धारणाहरूलाई पनि बुझाउँछ। हाम्रा बोलीहरू हामी हुर्केको संस्कार अनुसार हुन्छ।त्यसवेला बाइबलको भाषा गुमाउनु भनेको यहूदीहरूको विशेष

पहिचानलाई गुमाउनु थियो। त्यसकारण परमेश्वरको वचनबाट यहूदी परिवारहरू टाढा भइरहेको कुरा नहेम्याहको निम्ति असह्य भएको थियो। जसले गर्दा तिनीहरू हिब्रू वा यहूदीहरूको परमेश्वरसँग सम्पर्क बिहीन हुन गइरहेको थियो।

त्यसबेलाको चलन अनुसार आरामिक भाषा नसिकाउने बाबुआमालाई सार्वजनिक रूपमै नहेम्याहले दण्ड दिएका थिए भनेर बाइबलका विद्वानहरू औंल्याउँछन्। जब नहेम्याहले मानिसहरूलाई हप्काए र श्राप दिए भन्दा उनले अपशब्द वा नराम्रो फोहरी बोली बोलेका थिए होलान भन्ने अनुमान गर्नुहुन्न। तर करारमा लेखिएको श्रापहरूलाई नै उनले उच्चारण गरेका थिए भन्न सक्छौं। परमेश्वरसँग गरिएको करार भङ्ग गर्नेलाई दिइने श्रापको बारेमा व्यवस्था २८मा उल्लेख गरिएको छ। ती मानिसहरूले गरेका काम गलत थियो भनेर महसुस गराउनु नहेम्याहले बाइबलमै लेखिएका शब्दहरू प्रयोग गरेको हुनुपर्छ। ती मानिसहरूको खराब वा गलत निर्णयले ल्याउने सराप तिनीहरू आफैले कमाएका थिए।

नहेम्याहले केही मानिसहरूलाई पिटेको र जगल्टयाएको (नहेमिया १३:२५) भन्ने प्रसंगले उनी अत्यन्तै क्रोधित भएर जथाभावी कुटेछन् भनि नसम्झिनका लागि त्यसबेला त्यस्ता मानिसहरूलाई सार्वजनिकरूपमै मान्यता पाएको चलन अनुसार उनले दण्ड दिएका थिए। नहेम्याहले त्यस्तो स्वभाव केहीलाई मात्र देखाए जसले गलत चालचलन सुरु गरे वा त्यो ठीक छ भनेर प्रचार गरे। मानिसका निर्णय कति गम्भीर थिए सो थाहा पाऊन् भन्ने नहेम्याहले चाहेका थिए। तिनीहरूको निर्णयले कस्तो नराम्रो नतिजा ल्याउँछ भन्ने ती यहूदीहरूले महसुस गरून् भन्ने पनि उनको इच्छा थियो।

**चर्चमा भइरहेका वा हुन सक्ने गलत कार्यहरूप्रति हाम्रो प्रतिक्रिया कस्तो हुनुपर्छ?**

## २. नहेम्याहको भर्त्सना वा विरोध

**परमेश्वरले देखाउनुभएको बाटोमा नहिँड्दा वा ठीक तथा सत्य मार्गबाट झरेर कुमार्गमा हिँड्दा कस्तो खतरा हुन्छ भन्ने सत्य बाइबलको महत्त्वपूर्ण इतिहासले हामीलाई देखाउँछ। यस विषयमा नहेम्याहले नहेम्याह १३:२६,२७ ले यसरी स्पष्ट पार्दछ "२६ के यस्तै स्त्रीहरूको कारण इस्राएलका राजा सोलोमनले पाप गरेका थिएनन्? समस्त जातिहरूमा तिनीजस्तै अरू कुनै राजा थिएनन्। तिनलाई आफ्ना परमेश्वरले प्रेम गर्नुभएको थियो, र**

**परमेश्वरले तिनलाई सम्पूर्ण इस्राएलमाथि राजा तुल्याउनुभएको थियो। तापनि विदेशी स्त्रीहरूले नै तिनलाई पाप गर्न लाए। २७ अहिले पनि हामीहरूले यो सुन्नुपर्छ कि तिमीहरूले पनि विदेशी स्त्रीहरूलाई विवाह गरी यो घोर अपराध गरेर हाम्रा परमेश्वरसितको विश्वास तिमीहरू किन तोड्दैछौ?"**

यो याद गर्नु जरुरी छ कि विदेशी स्त्रीहरूको कारणले नभएर राजा सोलोमनको आफ्नै निर्णयले गर्दा उनी पापको खाडलमा परेका थिए। इस्राएलका राजाहरूलाई परमेश्वरले दिनुभएको निर्देशन पालना नगर्दा सोलोमन राजाले आफ्नो पतन आफैले ल्याएका थिए भन्नु उचितै देखिन्छः "उनले (राजाले) आफ्नो निम्ति धेरै पत्नीहरू जम्मा नगरून्। किनभने तिनीहरू पत्नीहरूको मोहमा पर्दा तिनको हृदय परमेश्वरबाट टाढा हुन जान्छ" (व्यवस्था १७:१७ रूपान्तरित)। बाइबलको इतिहासमा अत्यन्तै वुद्धिमानी ठानिएको मानिस सोलोमन राजा उमेर ढल्किदै गर्दा उनी एउटैमात्र श्रीमतीसँग सन्तुष्ट नभएर धेरै पत्नीहरू ल्याए र उनी मानिसहरूको निम्ति अनुकरणीय उदाहरण हुनुको सट्टा अशोभनीय र खराब उदाहरण बन्न पुगेका थिए। त्यतिमात्र नभएर उनले ती स्त्रीहरूसँग वैवाहिक सम्बन्ध राखे जो परमेश्वरका उपासक थिएनन्। परमेश्वरको उपासना वा विश्वास नगर्ने स्त्रीहरूसँग विवाह गर्नु गलत थियो भनि नहेम्याह जिकिर गर्दछन्।

**अरु जाति वा परमेश्वरलाई विश्वास नगर्ने तर मूर्तिपूजा वा अन्य धर्मका मानिसहरूसँग विवाह गर्नु गलत हो किनभने त्यसले सनातन सत्य परमेश्वरको उपासना गर्नबाट मानिसको मन फर्काउने भएकोले नहेम्याहले यहूदी राष्ट्रको विरोध गरेको कुरा बाइबल अनुसार किन उचित थियो? हेर्नुहोस्, उत्पत्ति ६:१-४ "१ जब मानिसहरूको संख्या पृथ्वीमा बढ्दैगयो र तिनीहरूका छोरीहरू जन्मे, २ तब परमेश्वरका छोराहरूले मानिसका छोरीहरूलाई सुन्दरी देखे, र आफ्ना-आफ्ना रुचिका पत्नीहरू ल्याए। ३ तब परमप्रभुले भन्नुभयो, 'मेरो आत्माले मानिससँग सधैं संघर्ष गर्नेछैन, किनभने त्यो मरणशील हो। त्यसको उमेर एक सय बीस वर्षको हुनेछ।' ४ त्यस बेला र त्यसपछि पनि पृथ्वीमा नेफिलीमहरू थिए। परमेश्वरका छोराहरू मानिसका छोरीहरूकहाँ जान लागे र सन्तान जन्माए। तिनीहरू नै उहिलेका शूरवीर र नाउँ चलेका मानिसहरू थिए।", उत्पत्ति २४:१-४ "१ अब्राहाम दिन धेरै खाएर बूढ़ा भइसकेका थिए। परमप्रभुले सबै कुरामा अब्राहामलाई आशिष् दिनुभएको थियो। २ अब्राहामले आफ्नो घरका सबै कुरामा अख्तियार गर्ने प्रमुख नोकरलाई भने, 'तिम्रो हात मेरो तिघ्रामुनि राख। ३ म तिमीलाई स्वर्ग र पृथ्वीका परमप्रभु**

परमेश्वरको यो शपथ खान लाउँछु कि तिमीले मेरो छोरालाई अहिले म बसेको ठाउँका कनानीका छोरीहरूमध्ये कसैलाई विवाह गर्न नल्याइदिनू, ४ तर मेरो देशमा मेरै कुटुम्बकहाँ गएर मेरो छोरा इसहाकको लागि एउटी पत्नी ल्याउनू।, उत्पत्ति २८:१,२ "१ तब इसहाकले याकूबलाई बोलाएर आशीर्वाद दिए, र यसो भनेर आज्ञा गरे, 'तिमीले कनानी स्त्रीहरूमध्ये कसैलाई विवाह नगर्नू। २ पद्दन-आराममा तिम्री आमाका बाबु बतूएलको घरमा गएर त्यहींबाट तिम्रा मामा लाबानका छोरीहरूमध्ये एउटीलाई विवाह गर्।", व्यवस्था ७:१-४ "१ जब तिमीहरू अधिकार गर्न भनी जान लागेको देशमा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई ल्याउनुहुन्छ, र तिमीहरूभन्दा असंख्य र सामर्थी यी सात जाति, हित्ती, गिर्गाशी, एमोरी, कनानी, परिज्जी, हिव्वी र यबूसीहरूलाई तिमीहरूका सामुन्नेबाट उहाँले धपाउनुहुन्छ, २ अनि जब परमप्रभु तिमीहरूका परमेश्वरले उनीहरूलाई तिमीहरूको अधीनमा पारिदिनुहुन्छ र तिमीहरूले उनीहरूलाई परास्त गरेका हुन्छौं, तब तिमीहरूले उनीहरूलाई सम्पूर्ण नाश गर्नू। तिमीहरूले उनीहरूसित सम्झौता नगर्नू। उनीहरूलाई नटिठ्याउनू। ३ उनीहरूसँग विवाहबारी नगर्नू। तिमीहरूका छोरी तिनीहरूका छोराहरूलाई नदिनू अथवा तिनीहरूका छोरीहरू तिमीहरूका छोराहरूका निम्ति नलिनू, ४ किनकि तिनीहरूले तिमीहरूका छोराहरूलाई परमप्रभुबाट बहकाएर अन्य देवताको पूजा गर्न लाउनेछन्। यसो गर्नाले परमप्रभुको क्रोध तिमीहरूमाथि दन्कनेछ, र उहाँले तिमीहरूलाई तत्कालै नष्ट पार्नुहुनेछ।" र २ कोरन्थी ६:१४-१८ "१४ अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? १५ ख्रीष्टको बेलिआलसँग के सरोकार? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता? १६ मूर्तिहरूसँग परमेश्वरको मन्दिरको के सम्झौता? किनभने हामी जीवित परमेश्वरका मन्दिर हौं, जसरी परमेश्वरले भन्नुभएको छ, 'म तिनीहरूमा वास गर्नेछु, र तिनीहरूका बीचमा हिँड्डुल गर्नेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्।' १७ यसकारण तिनीहरूका बीचबाट निस्केर आओ, र तिनीहरूबाट तिमीहरू अलग होओ, परमप्रभु भन्नुहुन्छ। अशुद्ध कुरा केही नछोओ, र म तिमीहरूलाई ग्रहण गर्नेछु। १८ म तिमीहरूका पिता हुनेछु, र तिमीहरू मेरा छोरा-छोरीहरू हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।"

अन्तरजातीय विवाह नगर्नु भन्नुको अर्थ राष्ट्रियतालाई जोगाउन नभएर त्यसले मानिसलाई मूर्तिपूजामा फसाउने भएकोले बाइबलले त्यसमा बन्देज लगाएको हो। बाइबलीय समयमा यहूदी र अयहूदी अर्थात् अन्य जाति वा

राष्ट्रका मानिसहरूको बीचमा विवाहवारी चलेको थियो। त्यो चलनलाई बाइबलले विरोध जनाएको भने होइन। मोशाले मिडियानदेशका स्त्री जिपोराहलाई विवाह गरेका थिए भनेर राजा दाउदको पूर्खा बोआजले मोआबी स्त्री रुथलाई विवाह गरेका थिए। तर अन्तरजातीय विवाहको विरोध गर्नुको अर्थ अन्तरधार्मिक वा परमेश्वरलाई विश्वास गर्ने र नगर्नेहरूको बीचमा विवाह गर्न बन्देज लगाइएको हो भनेर बुझ्नुपर्छ। एज्रा र नहेम्याहको समयमा परमेश्वरका जनहरू भनेर दावी गर्ने यहूदीहरूले उहाँलाई विश्वास गर्नेहरूलाई विवाह नगरि उहाँलाई विश्वास नगर्नेहरूको बीचमा विवाहवारी गरेका थिए। *फ्लेम अभ यहोवा*का लेखक रिचार्ड डेभिडसन यसरी व्याख्या गर्दछन् "अदनको बगैंचामा गरिएको विवाहको योजनाले दम्पत्तिको बीचमा साझा आत्मियता तथा विश्वास र अन्य मूल्यवान आदर्शहरू हुनुपर्ने कुरालाई जनाउँछ। त्यसले गर्दा पति र पत्नीको बीचमा प्रतिस्पर्धा गर्ने नभएर एकआपसमा परिपूरक हुने वा एउटै शरीर जस्तै दम्पत्ति हुनुपर्ने अवधारणालाई औंल्याउँदछ।"-पृ. ३१६बाट रूपान्तरित (पिबडी, मासाचुसेट, हेन्ड्रिकसन, २००७)। एज्रा र नहेम्याहका समयमा भएका यहूदीहरूले अन्य जातिका स्त्रीहरूलाई विवाह गर्दा ती स्त्रीहरूले मूर्तिपूजा त्यागेका थिएनन्। परमेश्वरप्रति समर्पित र उहाँले औंल्याउनुभएको आदर्श जीवनबाट फर्किने यहूदीहरूको निर्णयप्रति नहेम्याहले आपत्ति जनाएका थिए।

हाम्रो खुसी र सुखी जीवन उच्चस्तरको होस् र परमेश्वरप्रतिको आस्था जरैबाट बलियो भएर बसोस् भन्नको लागि हामीले पालना गर्नुपर्ने सूत्र वा आदर्शनीति बाइबलमा दिइएको छ। वैवाहिक जीवनमा समान आस्थाहरूको बीचमा विवाह भयो भने त्यसले परमेश्वरप्रति पारस्परिक रुपमा भक्त हुन प्रोत्साहन गर्दछ र सुखी परिवार हुन सहयोग गर्दछ। एकै जुवामा हिंड्न सक्ने वनाउँछ ।

**हाम्रो आस्था र परिवारलाई जोगाइ राख्न माथि उल्लेख गरिएका घट्ना र विवरणहरूबाट हामी कस्तो नीतिहरू अपनाउन सक्छौं?**

## ३. एज्राको प्रतिक्रिया

**इस्राएलीहरूले अन्तरजातीय विवाह गरेको सुन्दा एज्राको प्रतिक्रिया कस्तो थियो? उनले भनेका थिए "मानिसहरू आफूहरूलाई अलग गरिएन" एज्रा ९:१,२। हेर्नुहोस्, एज्रा ९ "१ जब यी सबै गरिसिद्ध्याए तब अगुवाहरूले मकहाँ आएर भने, 'इस्राएलका मानिस, पूजाहारीहरू र लेवीहरूसमेतले छिमेकका**

मानिसहरू, अर्थात् कनानी, हित्ती, परिज्जी, यबूसी, अम्मोनी, मोआबी, मिश्री र
एमोरीहरूका घिनलाग्दा कामहरूदेखि आफूलाई अलग राखेका छैनन्। २
तिनीहरूले यी जातिहरूका चेलीबेटीहरूलाई आफू र आफ्ना छोराहरूका निम्ति
पत्नीहरू राखेका छन्, र यसरी पवित्र जाति विदेशी मानिसहरूसँग मिसिएका
छन्। र यसमा अगुवाहरू र अधिकारीहरू नै खास दोषी छन्।' ३ जब मैले यो
कुरा सुनें तब आफ्नो पोशाक र खास्टो च्यातें, र आफ्नो कपाल र दाह्री उखेलें
र अवाक् भइरहें। ४ अनि निर्वासनमा गएकाहरूको यस दोषको कारण
इस्राएलका परमेश्वरका वचनदेखि डराउनेहरू सबै मेरो चारैतिर भएर जम्मा
भए। म त्यहाँ बेलुकीका बलिदानको समयसम्मै अवाक् भइरहें। ५ तब
बेलुकीका बलिदानको समयमा म फाटेको पोशाक र खास्टोमा नै आफूलाई
स्वयम् होच्याएको अवस्थाबाट उठें। मैले घुँडा टेकेर परमप्रभु मेरा परमेश्वरतिर
हात पसारी यसो भनेर प्रार्थना गरें: ६ 'हे मेरा परमेश्वर, मेरो अनुहार तपाईंतिर
उठाउन म साह्रै लज्जित र अपमानित भएको छु। किनभने हे मेरा परमेश्वर,
हाम्रा पाप हाम्रो शिरभन्दा अल्गा भएका छन् र हाम्रो दोष आकाशसम्मै पुगेको
छ। ७ हाम्रा पुर्खाहरूका दिनदेखि आजको दिनसम्मै हाम्रो दोष अत्यन्तै ठूलो
भएको छ। हाम्रो अधर्मले गर्दा हामीहरू र हाम्रा राजा र हाम्रा पूजाहारीहरूलाई
विदेशी राजाहरूका हातमा मृत्यु, कैद, लूटपीट र ठूलो बेइज्जतको शिकार हुनु
परेको छ, र हाम्रो वर्तमान दशा पनि यस्तै छ। ८ तर अब परमप्रभु हाम्रा
परमेश्वरले हाम्रा लागि केही बाँकी मानिसहरूलाई दिएर र हामीलाई आफ्नो
पवित्रस्थानमा सुरक्षित स्थान दिएर हामीमाथि एक छिनको लागि कृपालु
हुनुभएको छ। र यसरी हाम्रा परमेश्वरले हाम्रा आँखामा ज्योति दिनुभएको छ र
हाम्रो दासत्वमा केही आराम दिनुभएको छ। ९ हामी दासहरू भए तापनि हाम्रो
दासत्वको बन्धनमा हाम्रा परमेश्वरले हामीलाई त्याग्नुभएको छैन। उहाँले
फारसका राजाहरूका सामु हामीमाथि आफ्नो कृपा देखाउनुभएको छ। हामीले
हाम्रा परमेश्वरको भवन पुनः मरम्मत गर्न र त्यसका भत्केका भागलाई
पुनर्निर्माण गर्न उहाँले हामीलाई जीवन प्रदान गर्नुभएको छ, र यहूदा र
यरूशलेममा रक्षाको निम्ति उहाँले एउटा पर्खाल दिनुभएको छ। १० अब हे
हाम्रा परमेश्वर, यति भएपछि हामी के भनौं? ११ तपाईंले आफ्ना दास
अगमवक्ताहरूद्वारा दिनुभएका आज्ञाहरूको अवहेलना हामीले गरेका छौं, जब
तपाईंले यसो भन्नुभएको थियो: 'तिमीहरूले अधिकार गर्नलाई प्रवेश गरिरहेको
देश त्यसका मानिसहरूको दुष्टताले दूषित भएको छ। आफ्ना घिनलाग्दा
चलनद्वारा ती अन्यजातिहरूले त्यस देशको कुना-कुनासम्मै आफ्नो अशुद्धताले

भरेका छन्। १२ यसकारण तिमीहरूले आफ्ना छोरीहरूलाई उनीहरूका छोराहरूसित र तिमीहरूका छोराहरूलाई उनीहरूका छोरीहरूसित विवाह नगरिदिनू। तिमीहरूले उनीहरूसित मित्रताको सम्झौता राख्न नखोज्नू। यसरी तिमीहरू शक्तिशाली भएर त्यस देशका असलअसल कुराहरूको भोग गर्नेछौ र तिमीहरूका सन्तानलाई त्यो चिरस्थायी अधिकार हुनलाई छोड़िराख्नेछौ। १३ अब हाम्रा दुष्ट कामहरू र हाम्रो ठूलो दोषको कारण हामीले दुःख पाएका भए तापनि तपाईं, हाम्रा परमेश्वरले हामीलाई हाम्रा पापअनुसार पाउनुपर्नेभन्दा कम दण्ड दिनुभएको छ, र हामीलाई यस्तो बाँकी हिस्सा दिनुभएको छ। १४ के हामी फेरि तपाईंका आज्ञाहरू उल्लङ्घन गरेर यस्ता घिनलाग्दा चालमा चल्ने मानिसहरूसँग वैवाहिक सम्बन्ध जोड़ौं? के तपाईं हाम्रा निम्ति कुनै अवशेष नराखी नाश गर्नसम्म रिसाउनुहुनेथिएन र? १५ हे परमप्रभु इस्राएलका परमेश्वर, तपाईं धर्मी हुनुहुन्छ। आज हामी अवशेषको रूपमा छोड़िएका छौं। हामी आफ्नो दोषमा तपाईंको सामु उपस्थित छौं, यद्यपि हाम्रो दोषको कारण हामीमध्येको कोही पनि तपाईंको सामु टिक्न सक्दैनौं।'"

परमेश्वरलाई विश्वास गर्ने र नगर्नेहरूको बीचमा विवाह नगरि अलग भएर बस्ने विषय किन गम्भिर थियो? हेर्नुहोस् यी पदहरू पनि, लेवी १०:८-१० "८ त्यसपछि परमप्रभुले हारूनलाई भन्नुभयो, ९ 'तिमीहरू भेट हुने पालमा जाँदा तिमी र तिम्रा छोराहरूले दाखमद्य अथवा अरू मद्य नपिउनू, नत्रता तिमीहरू मरौला।' यो तिमीहरूका आउँदा पुस्ताहरूमा अन्नबलिको विधि होस्। १० *पवित्र र साधारण, अनि शुद्ध र अशुद्धमा तिमीहरूले भेद राख्नुपर्छ।",* लेवी ११:४७ "शुद्ध र अशुद्ध, अनि प्राणीमा खानु हुने र नहुनेमा भेद राख्नुपर्छ।", प्रस्थान २६:३३ "तिमीले त्यो छेक्ने पर्दा अङ्कुसेहरूबाट झुण्ड्याउनू र त्यसको पछाड़ि गवाहीको सन्दूक राख्नू। त्यस पर्दाले तिमीहरूका निम्ति पवित्रस्थानलाई महा-पवित्रस्थानबाट अलग गर्नेछ।" र उत्पत्ति १:४,६,७,१४-१८ "४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो।...६ अनि परमेश्वरले भन्नुभयो, 'पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग गरोस्।' ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो... १४ अनि परमेश्वरले भन्नुभयो, 'अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।' तब त्यस्तै भइहाल्यो। १६ अनि परमेश्वरले

**दुई विशाल ज्योतिहरू बनाउनुभयो- ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।"**

आफूहरूको बीचमा भएको अन्तरजातीय वा अन्तर धार्मिक विवाहको विषयलाई लिएर मानिसहरू एज्राकहाँ आए। तोराहमा नै उल्लेख गरिएका तर घिनलाग्दा काम गर्ने राष्ट्रहरूको नाउँ लिएर तिनीहरू सिधै उनीकहाँ आउँनुले तिनीहरू मध्ये तोराहको ज्ञान थियो भन्ने देखाउँछ। कर्मचारी अगुवाहरूले नै त्यो सन्देश एज्राकहाँ ल्याएका थिए। आत्मिक अगुवाको हैसियतले पुजारी र लेबीहरूले परमेश्वरका आज्ञाहरू तोडेकोमा ती कर्मचारीहरूले दुखेसो पोखेका थिए।

"इस्राएलीहरू बिदेशी मुलुक बेबिलोनको कब्जामा किन परे भनेर खोज्दा एज्राले यो भेट्टाए कि ती इस्राएलीहरू नै धर्मत्याग गरेर मूर्तिपूजा गर्नेहरूसँग मिसिएको कारणले नै त्यसो भएको थियो। यदि परमेश्वरका जनहरू भनेर दावी गर्नेहरूले उहाँको निर्देशन अनुसार बाह्य राष्ट्रहरूबाट आफूलाई अलग राखेका भए तिनीहरूले धेरै दुःख, कष्ट र अपमान सहनुपर्ने थिएन भनेर उनले महसुस गरेका थिए। अब देशकै उच्चपदस्थ अगुवाहरूले धर्मत्यागको विरुद्धमा सुरक्षित हुन दिएको निर्देशनलाई लत्याउँदा उनको हृदय छियाछिया भएको थियो। आफ्नो पितृभूमिमा रहन परमेश्वरले फेरि अवसर दिनुभएको थाहा पाउँदा पाउँदै उहाँका जनहरूले उहाँलाई वेवास्ता गर्दा उनीभित्र धार्मिकताको रिस जागेको थियो। परमेश्वरप्रति आभारी नहुने ती मानिसहरूको बानीले गर्दा एज्रा अत्यन्तै शोकित भएका थिए।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्स्*, पृ. ६२०बाट रूपान्तरित।

"अलग" भन्ने शब्दले विपरीत तत्वहरूलाई जनाउदछ। अझ भनौं भने त्यसले ठयाक्कै उल्टो भन्ने देखाउँछ। परमेश्वरले पहिला दिनुभएको झुटा धर्महरूबाट अलग रहन दिनु भएको निर्देशनको ज्ञान मानिसहरूमा थियो। विपरीत धर्मका मानिसहरूसँग वैवाहिक सम्बन्ध गाँस्दा तिनीहरूको परिवार र सन्तानहरूमा प्रभाग पर्छ भन्ने कुरो कसैलाई पनि थाहा थिएन भन्ने बहाना तिनीहरूसँग थिएन। एज्राको समयमा ती अन्तरजातीय वा अन्तरधार्मिक विवाहको संस्कार कति गम्भीर हुन पुगेको थियो भन्ने कुरा त्यसबेलाका मानिसहरूले महसुस गरेका थिए।

विगतमा कति पटक हामीले गलत निर्णय गरेपनि हाम्रो परिवारमा परमेश्वरप्रतिको आस्था जगाइ राख्न हामीले के गर्नु पर्ला?

## ४. एज्रा कदम चाल्छन्

अन्तरजातीय अर्थात परमेश्वरप्रति आस्था नराख्ने जातिसँगको विवाहको मामिलालाई एज्रा र अगुवाहरूले कसरी सम्हाले? हेर्नुहोस् एज्रा १० "१ जब एज्रा परमप्रभुका भवनको अगि लम्पसार पर्दै, प्रार्थना गर्दै, पश्चात्ताप गर्दै र रुँदैथिए, तब इस्राएलको एउटा ठूलो भीड़ः पुरुष, स्त्री र केटाकेटीहरू, तिनको चारैतिर भेला भए। तिनीहरू पनि धुरुधुरु रोए। २ तब एलामका परिवारका एक जना यहीएलका छोरा शकन्याहले एज्रालाई भने, 'हाम्रा चारैतिरका विदेशी मानिसहरूका छोरीहरूबाट पत्नीहरू ल्याएर हामीले आफ्ना परमेश्वरको विरुद्धमा अपराध गरेका छौं। तर यसो भए तापनि इस्राएलको निम्ति अझै केही आशा छ। ३ यसकारण मेरा प्रभुको र हाम्रा परमेश्वरका आज्ञादेखि डराउनेहरूको सल्लाहअनुसार अब यी सबै स्त्रीहरू र तिनीहरूका छोराछोरी सबैलाई त्यागिदिने हामी आफै हाम्रा परमेश्वरसित बाचा बाँधौं। र व्यवस्थाले दिएबमोजिम काम गरौं। ४ अब उठ्नुहोस्, यो काम तपाईंको हातमा छ। हामी तपाईंलाई साथ दिनेछौं। साहस गरेर काम गर्नुहोस्।' ५ तब एज्रा खड़ा भएर मुख्य पूजाहारीहरू र लेवीहरू र सबै इस्राएलीहरूलाई सुझाव गरिएका कुरा पूरा गर्न शपथ खान लाए। अनि तिनीहरूले शपथ खाए। ६ त्यसपछि एज्रा परमेश्वरका भवनको अगिबाट एल्यासीबका छोरा येहोहानानको कोठामा गएर बसे। तिनले केही खानपान गरेनन्, किनभने कैदबाट फर्केर आएकाहरूका अपराधका निम्ति तिनी विलाप गर्दैथिए।

७ त्यसपछि निर्वासनबाट फर्केकाहरू सबै यरूशलेममा भेला होऊन् भनेर यहूदा र यरूशलेमभरि एउटा घोषणा गरियो। ८ यदि तीन दिनभित्रमा कोही नआएको खण्डमा अधिकारीहरू र धर्म-गुरुहरूको फैसलाअनुसार त्यसको सबै धन-सम्पत्ति जफत गरिनेछ, र कैदबाट आएकाहरूको समुदायबाट त्यो अलग गरिनेछ। ९ यहूदा र बेन्यामीनका सबै मानिसहरू तीन दिनभित्रै यरूशलेममा भेला भए। र नवौं महिनाको बीसौं दिनमा यो घटना र ठूलो वर्षाको कारणले सबै मानिसहरू दुःखित भई परमप्रभुका भवनको सामुन्ने चोकमा बसे। १० तब खड़ा भएर पूजाहारी एज्राले भने, 'तिमीहरूले विदेशी स्त्रीहरूसित विवाह गरेर अपराध गरेका छौ, र इस्राएलको दोष बढ़ाएका छौ। ११ अब परमप्रभु तिमीहरूका पुर्खाहरूका परमेश्वरको सामुन्ने आफ्ना पाप स्वीकार गर, र उहाँको

इच्छाअनुसार काम गर। तिमीहरू विदेशी मानिसहरू र तिमीहरूका विदेशी पत्नीहरूबाट अलग होओ।' १२ तब भेला भएका सम्पूर्ण समुदायले कराएर जवाफ दिए, 'हो, तपाईंले भन्नुभएबमोजिम हामीले गर्नैपर्छ। १३ तर हामी एउटा ठूलो भीड़ छौं, र यो वर्षा ऋतुको समय छ। हामी यहाँ खुला ठाउँमा उभिरहन सक्दैनौं। यसबाहेक यो काम एक-दुई दिनमा खतम हुनेछैन, किनभने यस विषयमा हामीले घोर अपराध गरेका छौं। १४ हाम्रा मुख्य पदाधिकारीहरूले हामी जम्मै समुदायको निम्ति काम गरिदिऊन्। यस विषयमा परमप्रभुको भयङ्कर क्रोध शान्त नहोउञ्जेल हाम्रा सहरमा हुने विदेशी स्त्रीसित विवाह गरेकाहरू सबै तोकिएको समयमा हाजिर होऊन्, अर्थात् हरेक मानिस आफ्नो सहरका धर्म-गुरु र न्यायकर्ताहरूका साथमा हाजिर होऊन्।' १५ केवल असाहेलका छोरा जोनाथन र तिक्भाका छोरा याजयाहले मशुल्लाम र लेवी सब्बतैको समर्थन पाएर यस कुराको विरोध गरे। १६ यसकारण निर्वासनबाट फर्केर आएकाहरूले सुझाव गरेअनुसार काम गरे। पूजाहारी एज्राले आफ्नो-आफ्नो परिवारका घराना-घरानालाई प्रतिनिधित्व गर्न नाउँ तोकेकाहरूलाई छाने। तिनीहरूले दशौं महिनाको पहिलो दिन यस विषयमा जाँच सुरु गरे, १७ र पहिलो महिनाको पहिलो दिन विदेशी स्त्रीहरूसित विवाह गरेका सबैको खोजतलाश गरिसिद्ध्याए। १८ विदेशी स्त्री विवाह गर्नेहरू पूजाहारी परिवारहरूकाः योसादाकका छोरा येशूअ र तिनका दाजुभाइहरूकाः मासेयाह, एलीएजर, यारीब र गदल्याह थिए।
१९ (तिनीहरूले आ-आफ्ना पत्नीहरूलाई त्यागिदिने बाचा गरे, र तिनीहरूले दोषबलिको रूपमा आफ्ना बगालबाट एउटा भेड़ा पनि ल्याए।) २० इम्मेरका परिवारकाः हनानी र जबदियाह। २१ हारीमका परिवारकाः मासेयाह, एलिया, शमायाह, यहीएल र उज्जियाह। २२ पशहूरका परिवारकाः एल्योएनै, मासेयाह, इश्माएल, नतनेल, योजाबाद र एलासा। २३ लेवीहरूमाः योजाबाद, शिमी, केलायाह अर्थात् कलीता, पतहियाह, यहूदा र एलीएजर। २४ गवैयाहरूमाः एल्यासीब। द्वारपालहरूमाः शल्लूम, तेलेम र ऊरी। २५ अनि अरू इस्राएलीहरूमाः परोशका परिवारकाः रम्याह, यिज्याह, मल्कियाह, मियामीन, एलाजार, मल्कियाह र बनायाह। २६ एलामका परिवारकाः मत्तन्याह, जकरिया, यहीएल, अब्दी, यरेमोत र एलिया। २७ जत्तूका परिवारकाः एल्योएनै, एल्यासीब, मत्तन्याह, यरेमोत, जाबाद र अजीजा। २८ बेबैका परिवारकाः येहोहानान, हनन्याह, जब्बै र अत्लै। २९ बानीका परिवारकाः मशुल्लाम, मल्लूक, अदायाह, याशूब, शाल र यरेमोत। ३० पहत-मोआबका परिवारकाः अदना, केलाल, बनायाह, मासेयाह, मत्तन्याह, बजलेल, बिन्नूई र मनश्शे। ३१ हारीमका

परिवारकाः एलीएजर, यिशियाह, मल्कियाह, शमायाह, शिमेओन, ३२ बेन्यामीन, मल्लूक र शमरयाह। ३३ हाशूमका परिवारकाः मत्तनै, मत्तता, जाबाद, एलीपेलेत, येरेमै, मनश्शे र शिमी। ३४ बानीका परिवारकाः मादै, अम्राम, ऊएल, ३५ बनायाह, बेदयाह, कलूही, ३६ भन्याह, मरेमोत, एल्यासीब, ३७ मत्तन्याह, मत्तनै र यासू। ३८ बिन्नूईका परिवारकाः ३९ शिमी, शेलेम्याह, नातान, अदायाह, ४० मक्नादबै, शाशै, शारै, ४१ अज्रेल, शेलेम्याह, शमरयाह, ४२ शल्लूम, अमर्याह र योसेफ। ४३ नेबोका परिवारकाः यीएल, मत्तित्याह, जाबाद, जबीना, यद्दै, योएल, र बनायाह। ४४ यी सबैले विदेशी स्त्रीहरूलाई विवाह गरेका थिए। अनि तिनीहरूले उनीहरूलाई तिनीहरूका छोराछोरीहरूसमेत त्यागिदिए।"

जम्मा भएका सारा जनसमूहले विदेशी श्रीमतीहरूलाई त्यागने निर्णय गरे। एज्रा १०:१५मा उल्लेखित चार जना बाहेक सबैले विदेशी श्रीमतीहरूलाई त्यागने प्रस्ताव स्वीकारे। ती श्रीमतीहरूलाई आ आफ्नो जातिकहाँ फिर्ता पठाउन यहूदीहरूले प्रतिज्ञा गरे। त्यो योजना कार्यान्ययन गर्न तिन महिना लागेको थियो। अन्तमा १११ जना यहूदी पुरुषहरूले आ आफ्ना श्रीमतीहरूलाई तिनीहरूकै जातिमा फर्काए (एज्रा १०:१८-४३)। एज्राका अन्तिम केही पदहरू (एज्रा १०:४४)मा केही मिश्रित विवाहबाट छोराछोरीहरू भइसकेका थिए भनेर उल्लेख गरिएको छ। परिवारबाट अलग गरेर आमाको साथमा तिनका छोरारीहरू फर्काउनु अहिलेको परिप्रेक्ष्यमा न्यायसंगत वा जायज पनि नदेखिएला। तर त्यो बेला विशेष वा संक्रमणकालीन समय थियो भनेर हामीले सम्झनुपर्छ। त्यसबेला परमेश्वरले यहूदीहरूबाट फेरि नयाँ राष्ट्र खडा गर्न सुरु गर्नुभएको थियो, किनभने ती मानिसहरूले उहाँको पक्षमा प्रतिबद्ध भएर उभिने निर्णय गरेका थिए। परमेश्वरको पछि पूर्ण रूपमा बफादार भएर चल्नको लागि तिनमा आमूल परिवर्तन पनि आवश्यक थियो।

एज्रा १०:११,१९मा विशेष शब्दहरू प्रयोग गरिएका छन्। ती हुन्: "तिमीहरू अलग होऊ" (बदाल badal ) र "पठाइदेऊ" (याट्जु yatzu)। पारपाचुकेको विषयलाई लिएर यी शब्दहरू बाइबलमा कहीं पनि प्रयोग गरिएको छैन। पारपाचुकेको निम्ति प्रयोग गरिएको शब्द एज्राले प्रयोग गर्न सक्थे तर उनले गरेनन्। तोराहको निर्देशनलाई उल्लङ्घन गरिएको विवाह वैधानिक नभएको एज्राले ठानेका थिए। व्यवस्था अर्थात् नीति विपरीत गरिएको विवाह रद्द गरिने प्रावधान थियो। अवैधानिक विवाह रद्द गर्ने प्रक्रिया चालिएको थियो। ती घरबाट निकालिएका श्रीमतीहरू र सन्तानले समाजमा कस्तो असर पारेका थिए भन्ने विवरण हामीमाझ छैन। त्यसबेलाको चलन अनुसार पहिला

विवाह गरिएका श्रीमानहरूले फर्कि आएका श्रीमती र उनका छोराछोरीहरूलाई हेरबिचार गर्नुपर्दथ्यो। श्रीमतीहरू प्रायजसो आ आफ्नै माइतमा फर्केका पनि हुनुपर्थ्यो।

एज्राले ल्याएको आमूल परिवर्तनको अभियान पछि सेलाउँदै गर्दा केही यहूदीहरूले फेरि परमेश्वरलाई विश्वास नगर्नेहरूलाई विवाह गर्न थालेका थिए र कतिपयले आफूले फर्काएका श्रीमतीहरूलाई फेरि ल्याएका थिए। प्रतिज्ञा वा वाचालाई कायम गर्न नैतिक जिम्मेवारी नलिने स्वभाव मानिसहरूको चरित्र हो। परमेश्वरसँगको सम्बन्धमा पनि तलमाथि हुनु मानवीय कमजोरीले हो। हामीले जतिसुकै परमेश्वरमाथि विश्वासमा अडिग छौं भनेतापनि कतिपय समयमा उहाँप्रतिको समर्पणमा कमजोर भएको हामी आफै पाउँछौं। उहाँको पछि लाग्छु भन्दा भन्दै पनि कतिपय समयमा हामी चुकिरहेका हुन्छौं। दुर्भाग्यवस, हाम्रो जीवनमा परमेश्वरलाई प्रथमिकतामा राख्ने चाहना पूरा गर्ने काम कठिन भइरहेको हुन्छ।

**कहिलेकाहीं तपाईं आफैपनि परमेश्वरप्रतिको समर्पणमा पछि हटेको अनुभव तपाईंसँग छ? त्यसबाट तपाईंले के सिक्नुभयो?**

## ५. बर्तमान परिप्रेक्ष्यमा विवाह

एज्रा र नहेम्याहले अन्तरजातीय तथा अन्तरधार्मिक विवाहको बिषयमा जुन कदम चाले त्यसले विवाहको मामिलालाई परमेश्वर गम्भीररूपमा लिनुहुन्छ भन्ने कुरा स्पष्ट देखाउँछ। यस मामिलामा हामीले पनि गम्भीर हुनु अनिवार्य छ। जब हामी विवाह गर्ने सोचमा पुग्छौं तब हामीले प्रार्थनापूर्वक कदम चाल्नुपर्छ र त्यस निर्णयमा परमेश्वरलाई काम गर्न दिनु पर्दछ। विवाहको मामिलामा परमेश्वरले दिनुभएको नीतिनिर्देशनप्रति हामी कटिवद्ध हुनुपर्छ जसले गर्दा हामीमा अनेकौं दुःख र कहालिलाग्दो स्थिति पैदा हुन पाउँदैन।

**कतिपयको वैवाहिक जीवनमा एक जनाले परमेश्वरलाई विश्वास गरेको र अर्कोले विश्वास नगरेको हुन्छ। समान आस्था नभएकाहरूको बीचमा वैवाहिक सम्बन्ध गाँस्दा वा गाँसिन पुग्दा कस्तो मनस्थितिका साथ सम्हालिनुपर्छ भनेर पावलले १ कोरन्थी ७:१०-४०मा दिएको सल्लाहलाई एक पटक ध्यानदिएर पढ्नुहोस् ।साथै विवाहको सम्बन्धमा उनको धारणा कस्तो थियो सो पनि थाहा पाउनु हुनेछ। "१० अब विवाहितहरूलाई म कड़ा आज्ञा दिन्छु (मेरो आज्ञा होइन, तर प्रभुको आज्ञा हो): पत्नी पतिबाट नछुटोस्। ११ तर छुट्टिएर**

बसिहाले तापनि त्यसले विवाह नगरोस्, बरु आफ्नो पतिसँग मिलाप गरोस्। पतिले आफ्नी पत्नीलाई नत्यागोस्। १२ तर तिमी अरूहरूलाई म भन्दछु (यो मेरो भनाइ हो, प्रभुको होइन), *यदि कुनै भाइकी ख्रीष्टमा विश्वास नगर्ने पत्नी छ, र तिनी ऊसँग बस्न चाहन्छिन् भने, उसले त्यसलाई नत्यागोस्। १३ यदि कुनै स्त्रीको ख्रीष्टमा विश्वास नगर्ने पति छ, र त्यो ऊसित बस्न चाहन्छ भने, तिनले आफ्नो पतिलाई नत्यागोस्। १४ किनकि अविश्वासी पति आफ्नी पत्नीद्वारा पवित्र हुन्छ, र अविश्वासी पत्नी आफ्नो पतिद्वारा पवित्र हुन्छे, नत्रता तिनीहरूका छोरा-छोरीहरू अशुद्ध हुनेछन्, तर वास्तवमा तिनीहरू त पवित्र छँदैछन्। १५ तर विश्वास नगर्नेचाहिँ छुट्टिन्छ भने छुट्टिओस्। यस्तो अवस्थामा त्यो ख्रीष्टियान पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन। किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो। १६ हे पत्नी, तिमीलाई के थाहा! शायद तिमीले आफ्ना पतिलाई बचाउन सक्छ्यौ कि? अथवा हे पति, तिमीलाई के थाहा! शायद तिमीले आफ्नी पत्नीलाई बचाउन सक्छौ कि? १७ प्रभुले हरेकलाई जस्तो जीवन खटाउनुभएको छ र जस्तो स्थितिमा बोलाउनुभएको छ, सोहीबमोजिम त्यो चलोस्। सबै मण्डलीहरूका निम्ति मेरो नियम यही हो।* १८ के कोही मानिसको बोलावट हुँदा त्यसको अघिबाटै खतना भइसकेको थियो? त्यसो हो भने त्यसले बेखतना हुन नखोजोस्। के कोही खतना नहुँदै बोलावट भएको छ? त्यसो भए त्यसले खतना हुन नचाहोस्। १९ खतना केही होइन, बेखतना पनि केही होइन, तर परमेश्वरको आज्ञापालन मुख्य कुरा हो। २० जुन अवस्थामा मानिसलाई बोलावट भएको छ, त्यसैमा नै हरेक मानिस रहिरहोस्। २१ तिम्रो बोलावट हुँदा तिमी कमारा थियौ, यदि थियौ भने त्यसको वास्ता नगर, तर स्वतन्त्र हुन सक्छौ भने त्यसको फाइदा उठाऊ। २२ किनभने प्रभुमा बोलावट हुँदा जो मानिस कमारो थियो, अब त्यो प्रभुको स्वतन्त्र मानिस भएको छ। त्यसै गरी बोलावट भएको समयमा जो मानिस स्वतन्त्र थियो, त्यो ख्रीष्टको कमारो भएको छ। २३ तिमीहरू मोल तिरेर किनिएका हौ, मानिसहरूका कमारा नबन। २४ यसकारण भाइ हो, जसलाई जस्तो अवस्थामा बोलावट भएको छ, प्रत्येक त्यही अवस्थामा परमेश्वरसँग रहिरहोस्। २५ अब कन्याहरूका बारेमा प्रभुको आज्ञा मसित केही छैन। तर प्रभुको कृपाद्वारा एउटा विश्वासयोग्य व्यक्तिको हैसियतले म तिमीहरूलाई आफ्नो सल्लाह दिन्छु। २६ वर्तमान सङ्कष्टलाई हेर्दा, जुन व्यक्ति जस्तो अवस्थामा छ त्यसैमा नै रहे असल होला भन्ने म ठान्छु। २७ के तिमीले विवाह गरेका छौ? त्यसो भए आफ्नी पत्नीबाट छुट्न नखोज। के तिमी अविवाहित छौ? त्यसो भए विवाह गर्न नखोज। २८

तर तिमीले विवाह गऱ्यौ भने पनि त्यो पाप होइन। कन्याकेटीले विवाह गर्दैमा त्यसले पाप गरेकी हुँदिन। तरै पनि विवाह गर्नेहरूले यस जीवनमा कष्टहरूको सामना गर्नुपर्नेछ, र म तिमीलाई यसदेखि जोगाउन चाहन्छु।

२९ भाइ हो, मेरो भन्ने कुरा यही हो, कि समय थोरै छ, र अब उप्रान्त पत्नी हुनेहरू पत्नी नभएकाहरूजस्तै भएर रहून्। ३० शोक गर्नेहरू शोक नगरेकाहरूजस्ता र हर्ष मनाउनेहरू हर्ष नमनाउनेहरूजस्ता भएर रहून्। किनमेल गर्नेहरू आफूसँग केही थोक नभएजस्तै रहून्। ३१ र तिनीहरू जसले संसारका थोकहरू उपभोग गर्छन्, तिनमा आफ्नो केही चासो नभएजस्तै गरून्, किनकि संसारको वर्तमान रूप बितेर जाँदैछ। ३२ तिमीहरू सबै निष्फिक्री होओ भन्ने म चाहन्छु। विवाह नभएको मानिसले प्रभुलाई कसरी खुशी तुल्याऊँ भनेर प्रभुकै कुराको विषयमा फिक्री गर्दछ, ३३ तर विवाह भएको मानिसले पत्नीलाई कसरी खुशी राखूँ भनेर संसारका कुराको फिक्री गर्दछ। ३४ यस्तो मानिसको मन दुईपट्टि लागेको हुन्छ। विवाह नभएकी स्त्रीले शरीर र आत्मा दुवैमा कसरी पवित्र रहूँ भनेर प्रभुकै कुराका विषयमा फिक्री गर्दछे। तर विवाह भएकीले चाहिँ कसरी आफ्ना पतिलाई खुशी राखूँ भनी संसारका कुराको फिक्री गर्दछे। ३५ यो कुरा तिमीहरूमाथि प्रतिबन्ध लाउनलाई होइन तर तिमीहरूका भलाइको लागि नै भनिरहेछु, यस हेतुले कि तिमीहरू एक चित्तका भई प्रभुप्रति भक्तिसाथ ठीक किसिमको जीवन यापन गर्न सक। ३६ यदि कुनै मानिसले आफूसँग मगनी भइसकेकी कन्यासँग अनुचित व्यवहार गरेको ठान्छ, र यदि त्यस कन्याको उमेर पनि ढल्कँदैगएको छ भने, उसले विवाह गर्न चाहे विवाह गर्न सक्छ। यसमा पाप छैन। तिनीहरूको विवाह हुनैपर्छ। ३७ तर जुन मानिसले आफ्नो मन पक्का गरिसकेको छ, जो कुनै करकापमा परेको छैन, तर आफ्नो इच्छालाई वशमा राख्न सक्छ, र जसले कन्यालाई विवाह नगर्ने निर्णय गरिसकेको छ, भने, यस्तो मानिसले पनि ठीकै गर्दछ। ३८ यसरी जसले कन्यालाई विवाह गर्छ, उसले ठीकै गर्छ, तर जसले विवाह गर्दैन, उसले अझ असल गर्छ। ३९ पति बाँचुञ्जेल पतिकै बन्धनमा पत्नी रहन्छे। तर पतिको मृत्यु भएपछि त्यसले इच्छा गरेको व्यक्तिसँग त्यो विवाह गर्न स्वतन्त्र हुन्छे, तर ऊचाहिँ प्रभुकै जन हुनुपर्छ। ४० तर त्यो त्यसै बस्छे भने झन् सुखी हुन्छे, यो मेरो विचार हो, अनि म सम्झन्छु कि ममा पनि परमेश्वरका आत्मा हुनुहुन्छ।"

यथार्थमा अन्तरधार्मिक वा येशूलाई विश्वास गर्ने र नगर्नेहरूको बीचमा हुने विवाहवारीको बारेमा बाइबलमा खास विस्तृत निर्देशन दिइएको छैन अर्थात यसै गर्नुहुन्छ वा हुँदैन भनेर जानकारी दिइएको छैन। त्यसकारण

एज्राको समयमा दम्पत्तिहरू अलगिने प्रक्रिया ठीक थियो र त्यसै अनुसार चल्नुपर्छ भनेर कसैले जिकिर गर्छ भने त्यो बुद्धिमानी होइन। एज्रा र नहेम्याहको परिस्थितिलाई एक पटक भएको घट्ना र परमेश्वरको इच्छा अनुसार संक्रमणकालीन अवस्था मानिएको थियो। त्यसबेला इस्राएलको भविष्य जोखिममा थियो र परमेश्वरप्रति बफादार हुने कि नहुने भन्ने निर्णयमा तिनीहरू पुगिरहेका थिए। सनातन परमेश्वर सृष्टिकर्ताका उपासकहरू हौं भन्ने पहिचान तिनीहरूले गुमाइरहेका थिए।

हामीलाई थाहा छ कि एज्रा र नहेम्याहको समयमा केही यहूदीहरूको बस्ती इजिप्टको एलफान्टाइन भन्ने ठाउँमा थियो। त्यसबेला त्यहाँका यहूदी अगुवाहरूले अन्तरजातीय र अन्तरधार्मिक विवाह गर्न अनुमति दिएका थिए। त्यसैको फलस्वरुप यहोवालाई विश्वास गर्ने र मूर्तिपूजाकी देवी आनतलाई विश्वास गर्नेहरूको बीचमा मिश्रण भएकोले मिश्रित धर्मको उत्पति भएको थियो।यदि मिश्रित विवाह कायमै रहेको भए जुन बंशबाट येशूको जन्म हुनुपर्ने थियो त्यो बंशलाई निरन्तरता दिने खतरा हुन सक्थ्यो। त्यसकारण एज्रा र नहेम्याहको समयमा एक पटक वैवाहिक सम्बन्ध तोडिएको थियो भन्ने आधारमा वर्तमान समयमा पनि त्यसै हुनुपर्छ भनेर त्यसलाई स्वीकार्नु हुँदैन। विभिन्न कारणले अहिले पनि कतिपय विवाहहरू मिश्रित धार्मिक र मिश्रित ईसाइ सम्प्रदायमा चलिरहेको परिप्रेक्ष्यमा परिवारलाई टुक्राउन खोज्नुहुन्न। वैवाहिक गठबन्धनमा समान आस्था हुनेहरूको बीचमा विवाह हुनु परमेश्वरकोसामु उच्च मूल्यको मानिएको कुरा एज्रा र नहेम्याहको विवरणले देखाउँदछ। परमेश्वरप्रति आस्थावान नहुनेहरूको बीचमा विवाह हुँदा उहाँप्रतिको आस्थामा प्रोत्साहन नहुने हुँदा शैतान रमाउँछ। जब पति र पत्नी दुवै परमेश्वरमा एक भएर एकै आस्थामा चल्छन् तब उहाँको काम बलियो हुन्छ र उहाँप्रतिको आस्था झन झन बलियो भएर बढ्छ भन्ने कुरा शैतानलाई थाहा छ।

समान आस्था नभएकाहरू बीचमा विवाहवारी नचलाउन बाइबलले स्पष्ट सल्लाह दिएतापनि (२ कोरन्थी ६:१४मा) मानिसहरूले गर्ने विभिन्न निर्णयहरूप्रति अनुग्रही हुन र सदाशयता देखाउन पनि बाइबलले सिकाउँदछ। समान आस्था नहुनेहरूसँग विवाह गर्नेहरूलाई उहाँसँग र आफ्ना जीवनसाथीसँग बफादारी हुन परमेश्वरले नै शक्तिसम्पन्न गराउनुहुन्छ। परमेश्वरको चाहना बिरुद्ध निर्णय गरेर हामी चल्यौं भने उहाँले हामीलाई त्याग्नुहुन्न। यदि हामीलाई चाहिने ज्ञानबुद्धि र बल उहाँसँग माग्यौं भने उहाँले उपलब्ध

गराउनुहुनेछ। यसको अर्थ यो पनि होइन कि हामीलाई जे मनलाग्यो त्यही गर्ने छुट उहाँले हामीलाई दिनुहुन्छ।(यो त घुमाउरो पाराले परमेश्वरको परीक्षा गर्नु हो भने पनि हुन्छ-अनुवादकको थप जिज्ञासा)। तर हामी नम्र भएर उहाँको सामु मन पगालेर आयौं भने र उहाँको आवश्यकताको महसुस गऱ्यौं भने उहाँले जहिले पनि हाम्रो बिन्ती सुन्नुहुनेछ। परमेश्वरको अनुग्रह बिना हामी कसैमा पनि आशा रहदैन किनभने हामी सबै जना पापी छौं।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित प्रोफेटस एण्ड किङ्गसको पृ. ६६९-६७८को "रिफोर्मेशन"हेर्नुहोला ।**

" परमेश्वरले खटाउनुभएको काममा लगनशील हुनु सत्य धर्मको महत्त्वपूर्ण भाग हो। परमेश्वरको औजार भएर उहाँको चाहना अनुसार काम गर्ने अबसरलाई मानिसहरूले पकडि राख्नुपर्दछ। उचित समयमा उचित निर्णयद्वारा काम गर्दा परमेश्वरको महिमाको जीत हुन्छ तर निर्णय गर्नु ढिलो वा वेवास्ता गरिरहदा उहाँको काम असफल हुन्छ र उहाँको अपमान पनि हुन्छ। यदि चर्चका अगुवाहरूमा जोश र जाँगर छैन, तिनीहरू लक्ष्यविहीन र हचुवाकोभरमा काम गर्ने भए भने चर्चका विश्वासीहरू पनि सिथिल, वास्ता नगर्ने, स्वार्थी, कामचोर र आफ्नै आनन्दप्रति ध्यान दिने खालका हुन्छन्। तर जे काम गर्छु परमेश्वरले नै खटाउनुभएको हो र उहाँकै महिमाको निम्ति काम गर्ने हो भनेर पवित्र उद्देश्यले प्रेरित भएर चलियो भने विश्वासीहरूमा पनि जोश जाँगर आउँछ, एकता आउँछ, आशा रहन्छ र काम गर्न उत्साहित भइन्छ।

"परमेश्वरको वचन तिखो छ । पाप र पवित्रतालाई सँगसँगै राखिएको हुन्छ र हामी त्यसलाई हेरेर एउटालाई तिरस्कार गर्छौं र अर्कोलाई अङ्गाल्छौं। सन्बालत र तोबियाहको चित्रणमा तिनीहरू धोखेवाज, घृणा, डाँह, ईर्ष्या, झुट र षडयन्त्रकारी थिए भनेर देखाइएको छ भने एज्रा र नहेम्याहका चित्रणहरूलाई आदर्श नैतिक चरित्र भएको, त्यागी, परमेश्वरप्रति आस्थावान र निष्ठावान रहेको भनेर लेखिएको छ।जसमध्ये कुन नीति अनुसरण गर्ने हो त्यो आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिइएको छ। परमेश्वरका आज्ञाहरू उल्लङ्घन गर्दा पाइने भयानक नतिजाको विरुद्धमा उहाँप्रति बफादार भएर चल्यौ भने उहाँले दिनुहुने आशिषहरूको विषयमा पनि सँगसँगै प्रस्तुत गरिएको छ।जहाँ हामी आफ्नै इच्छाले दुःख पाउने हो कि आशिषको रमाहटमा रहने

हो त्यो निर्णय हामी आफैले गर्नुपर्छ।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस, पृ. ६७६बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. एज्रा र नहेम्यायका पुस्तकहरूमा उल्लेख गरिएका विवरण अनुसार धेरै मानिसहरू परमेश्वरमा समर्पित नभएको र तिनीहरूको प्राथमिकता उहाँ नभएकोले तिनीहरूले विदेशी वा अन्यजातिका मूर्तिपूजा गर्ने स्त्रीहरूलाई विवाह गर्न पुगेका थिए। तर एज्राले मानिसहरूलाई तिनीहरूकै निर्णयमा छोडेनन् बरु परिवर्तनको आशा गर्दै तिनीहरूलाई हप्काउदै सच्याएका थिए। के परिवर्तन साँच्चिक्कै भयो त? तिनीहरूको बाहिरी आनिबानी त बदलियो तर भित्री हृदय परिवर्तन भएको थियो त? परमेश्वरप्रति तिनीहरूको भक्ति के साँच्चिक्कै बढ्यो त? धेरै मानिसहरूमा वास्तविक परिवर्तन भएको थिएन भनेर के हामीसँग प्रमाण छ? हाम्रो बाहिरी आचरणमात्र होइन भित्री हृदय नै परिवर्तन हुनुपर्छ भनेर ती यहूदीहरूले गरेको भुलबाट हामी के सिक्न सक्छौं?

आ. अन्तरधार्मिक, अनमेल र अन्तरसाम्प्रदायिक विवाहले गर्दा समस्यामा परेका विश्वासीहरूको संघर्षमा हामी कसरी सहयोग गर्न सक्छौं?

इ. परमेश्वरका आदर्श नीति तथा नियमहरू अनन्त, सनातन, पूर्ण, त्रुटिरहित र अखण्ड भएतापनि विभिन्न समाजका संस्कृति र संस्कार फरक फरक हुन्छन्। हाम्रो जीवन परमेश्वरको नीति अनुसार चलाउन किन हामीले ती फरक संस्कारहरूलाई पनि मध्यनजर राख्नुपर्दछ?

*कथा १२*

## परमेश्वरको हिसाब, आन्द्र्यु मेकचेस्नी



जानी बेकर साउथ अफ्रिकाको सुनौलो केश भएका एक भलादमी एडभेन्टिस्ट कार्यकर्ता थिए। उनलाई भियतनामको राजधानीमा बिस लाख अमेरिकी डलरको लागतमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको "सहरमा प्रभाव पार्ने सामुदायिक केन्द्र" भवन स्थापना गर्न ठूलो जिम्मा लगाइदिएको थियो। यस्तो खालको निकाय दक्षिणपूर्वी एशियाकै पहिलो थियो।

बेकरले भियतनामको राजधानी हनौइमा त्यस निकायको निम्ति सुहाँउदो जग्गा खोज्न कडा मेहनत गर्नुपरेको थियो। जब उपयुक्त जग्गा भेट्टिन्थ्यो तब त्यसको मोल बीस लाख डलर भन्दा माथि गएर तिस देखि चालिस लाख डलर मागिन्थ्यो।

उनी सिङ्गापुरमा रहेको एडभेन्टिस्ट चर्चको साउथ एशिया युनियन मिसनको मुख्यालयमा काम गर्दथे। उनी अध्यक्षको विशेष सहायकको रूपमा काम गर्दथे। प्रार्थना गर्दै उनले सिङ्गापुरबाट हनौइमा धेरै पल्ट ओहोर दोहोर गरे। "कति पल्ट  भियतनाममा गएँ त्यसको गन्ती नै मसँग छैन। सायद १५देखि २० पल्ट होला" बेकरले यी लेखकलाई भने।

सन् २०१४मा विश्व एडभेन्टिस्ट चर्चको अध्यक्ष टेड एन.सी. विल्सनले हनौईमा मानिसहरूको सेवा गर्न सामुदायिक केन्द्र निर्माण गर्न सहयोगको निम्ति अनुरोध गरेपछि बेकरलाई त्यस कामको निम्ति नियुक्त गरिएको थियो। विल्सन त्यस बखत भिएतनममा ऐतिहासिक भ्रमणमा थिए। उहाँले हो चि मिन्ह सहरमा सार्वजनिक सुसमाचारीय कार्यक्रमको नेतृत्व गर्नुभएको थियो। त्यस क्षेत्रमा भियतनामीहरूलाई सेवा पुर्‍याउन उल्लेखनीय सामूदायिक सेवा केन्द्र स्थापना गर्नुपर्ने प्रस्ताब राख्दै त्यसको निम्ति आवश्यक आर्थिक सहयोग जुटाउने बाचा उहाँले दिनुभएको थियो। तर उहाँले जुटाउनुहुने सहयोग ५० प्रतिशत छ भने अर्को ५० प्रतिशत साउथ एसिया-पासिफिक र

साउथ एसिया युनियन मिसनले जुटाउनुपर्ने समझदारीमा उहाँले वचन दिनुभएको थियो। अन्तमा विश्व एडभेन्टिस्ट चर्चले दस लाख डलर दियो भने डिभिजन र युनियनले पाँच पाँच लाख डलर दिएका थिए।

तर बाकेरले आफूसँग भएको पैसा अनुसारको जग्गा पाउन सकेनन्। पाउँदा पनि कि त अति महङ्गो कि त नराम्रो ठाउँको जग्गा हुन्थ्यो। त्यसले गर्दा जग्गा किन्ने मनस्थिति नै तुहिन लागेको थियो।

अनि साथीको साथीले बेकरलाई चिनाइदियो। त्यस साथीको साथीले घरजग्गाको कारोबार र धेरै तलाका घरहरूको निर्माण गर्ने काम गर्दथ्यो। उनीसँग जग्गा थियो जहाँ साततले घर निर्माण गर्दै थिए। उनले जग्गा र निर्माण सुरू भएको घर बेच्न चाहेका थिए। त्यसको निम्ति उनले केवल १८ लाख डलरमात्र मागेका थिए। जब बेकरले त्यो ठाउँ देखे तब आफ्नो योजनाको निम्ति त्यो अत्यन्तै सुहाउँदो ठानेका थिए।

तर कर्मचारी तन्त्र र अरू क्रियाकलापले गर्दा जग्गा किन्न महिनौंसम्म ढिलो भएको थियो। त्यसै बखत अर्को मानिस आएर बेकरले भन्दा धेरै पैसा दिएर घर किन्ने प्रस्ताव राख्यो। बेकर भने प्रार्थना गर्दै रहे। तर बेच्ने व्यक्ति नयाँ मानिसको धेरै पैसा दिने प्रस्तावमा फसेन। एडभेन्टिस्टहरूको योजना समाजको हितको लागि हुने भएकोले त्यो जग्गा कमै मूल्यमा भएपनि एडभेन्टिस्टलाई नै बिक्री गर्ने उनले निधो गरे।

जब मे २२, २०१८मा विल्सन र अरू अगुवाहरूले साततले भवनको उद्घाटन गरे तब बेकरको खुशीको सिमा नै रहेन। त्यस घरमा पुस्तक पसल, स्वास्थहितको निम्ति खानेकुरा किन्ने पसल, अङ्ग्रेजी वा अरू बिदेशी भाषा सिकाउने स्कूल, सङ्गित स्कूल, निरोगी बनाउने केन्द्र, आड्रा भियतनाम अफिस र दुई वटा चर्चको निम्ति सभाघर हुनेछ।

“मैले सोचे भन्दा पनि अत्यन्तै अचम्म तरिकाले परमेश्वर काम गर्नुभयो। उहाँले हामीले प्रार्थना गरे भन्दा धेरै दिनुभयो। यसको श्रेय, महिमा र सम्मान उहाँलाई नै छ" बेकरले खुशी हुँदै यी लेखकलाई सुनाए।